# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, कार्तिक १२ गते, २०८० साल (अतिरिक्ताङ्क ३५

## भाग ४

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना १

माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महत बेलायतमा आयोजना हुने उच्चस्तरीय लगानी सम्मेलनमा सहभागी हुन संवत् २०८० साल कात्तिक ११ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

माननीय परराष्ट्र मन्त्री श्री नारायण प्रकाश साउद संयुक्त राज्य अमेरिकाको औपचारिक भ्रमणको लागि संवत् २०८० साल कात्तिक १२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गते त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री मोहनबहादुर बस्नेत भारतको नयाँ दिल्लीमा आयोजना हुने Seventy-Sixth Session of the WHO Regional Committee for South-East Asia विषयक सभामा सहभागी हुन संवत् २०८० साल कात्तिक १२ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**लीला देवी गडतौला (निरौला)**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।